# जल तथा ऊर्जा परमर्शदाता संघ नेपाल (WECAN)
# पाचौं वार्षिक साधारणसभामा सचीवद्धारा पेश गरिएको प्रतिवेदन

२०७०/८/२८

सम्पूर्ण आजीवन तथा साधारण सदस्य ज्यूहरु ,

संस्थाका अध्यक्ष लगायत सम्पूर्ण कार्यसमितिका पदाधिकारीहरु,

लगायत अन्य आगन्तुक व्यक्तित्वहरु ,

नमस्कार ।

जल तथा ऊर्जा क्षेत्रमा छरिएर काम गरिरहेका परामर्शदाताहरुलाई एउटै छाता भित्र समावेश गर्ने र यस क्षेत्रमा परामर्श क्षेत्रसँग संम्बन्धित अवसरहरु धैरै भन्दा धैरै सृजना गरी देश विकासको अभियानमा समेत पूर्ण रुपमा समर्पित गर्ने उद्धेश्यका साथ २०६६/५/२९ गते तदनुसार 14 Sept. 2009 मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् रुपमा जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN) दर्ता भएको हो । हालसम्म यस संस्थामा ४० संस्था एवं व्यक्तित्वहरु आबद्ध भइसकेका छन् । जसअनुसार १५ संस्थाहरुले आजीवन सदस्यता प्राप्त गरिसकेका छन् र २३ संस्था एवं व्यक्तित्वहरु साधारण सदस्यको रुपमा आबद्ध हुनुहुन्छ । साथै WECAN द्वारा विभिन्न समयमा WECAN Lifetime Achievement Award बाट सम्मानित हुनु भएका श्री अक्कलमान नकर्मी र श्यामराजा प्रधानलाई मानार्थ सदस्यता प्रदान गरिएको छ ।

असीमित प्राकृतिक सम्पदाको धनी देश नेपालमा जलस्रोतको अपार भण्डार छ । जलसम्पदामा विश्वमा धनी भए पनि सय वर्षको विद्युत् उत्पादनको इतिहासमा नेपालले जम्मा एकहजार मेगावाट पनि विद्युत् उत्पादन गर्न नसक्दा नेपालका करिब ५०% जनता अझै पनि विद्युत्को पहुँचभन्दा बाहिरै छन् । बाँकी ५०% जनता पनि दिनहु घण्टौंको लोडसेडिङको मार खेप्न बाध्य छन् । आर्थिक विकासको सूचकको रुपमा रहेको विद्युत् ऊर्जाको अधिकतम उपलब्धता र प्रयोग हामी अझै गर्न सकिरहेका छैनौं । यसको लागि हामी सम्पूर्ण नेपालीहरुको साझा ईमान्दार प्रयास आजको आवश्यकता भएको छ ।

एकदशक लामो द्वन्द्वको चपेटा होस् या पछिल्ला उर्वर वर्षमा समेत यस जल तथा ऊर्जा क्षेत्रमा कार्यरत परामर्शदाताहरूले संकटकाल, नेपालबन्द, आमहड्ताल, लोडसेडिङ, अनिश्चितकालीन नाकाबन्दी,

चक्काजामजस्ता अनेकौं समस्याहरूसँग जुध्दै देशका कुनाकाप्चामा पुगेर अत्यन्तै जिम्मेवारीका साथ कार्य सम्पन गरेको वास्तविकता एकातिर छ, भने अर्कोतर्फ यसरी काम गर्ने संस्था एवं व्यक्तित्वहरु नै विदेश पलायन हुँदै गएको तीतो यथार्थ हाम्रो सामु छलंगै छ ।

सम्बन्धित निकायको ध्यानाकर्षण गर्दै जल तथा ऊर्जा परामर्शदाताको हक, अधिकारको लागि लड्दै विभिन्न कठिन परिस्थितिसमेत पार गर्दै आज संस्थाको पाँचौं साधारणसभा आईपुग्नु पक्कै पनि गौरवपूर्ण छ भन्ने मैले महशुस गरेको छु । हरेक दिन, हरेक समय परिस्कृत नयाँ सम्भावना र उज्यालोतर्फ लम्किएको पाउँदा हामी सबैलाई खुशी लाग्नु स्वभाविकै नै हो । स्थापना कालदेखि नै आन्तरिक तथा बाह्य स्रोत जुटाई परार्शदाताको क्षमता अभिवृद्धि, तालिम, गोष्ठी, सेमिनार, बहस, छलफल, अन्तरक्रिया जस्ता कार्यक्रमहरू गर्दै आएको WECAN ले गत आव २०६९/७० मा पनि विभिन्न कार्यक्रम गरी ऊर्जा क्षेत्रमा आफ्नो दरिलो उपस्थिति देखाउन सफल भएकोमा गर्व महशुस हुन्छ । आगामी दिनमा पनि यसभन्दा अझ बढी र प्रभावकारी सक्रियता र दरिलो उपस्थितीका लागि हामी तत्पर हुनेछौं भन्ने अपेक्षा पनि गर्दछु । अग्रजहरूलाई सम्मान तथा नयाँ पुस्तालाई प्रोत्सहना दिँदै विभिन्न कार्यक्रमहरू भइरहेका छन् ।

आज म आव २०६९/७० को वार्षिक प्रगति प्रतिवेदन पेश गर्दै गर्दा यस क्षेत्रमा विगतको कठीन परिस्थितिमा पनि आफ्नो पेशा व्यवसायलाई मर्यादित एवम् गुणस्तरीय बनाउन अहोरात्र सक्रिय हुनुभएका अग्रहहरूको सम्मान तथा सहकर्मी साथीहरूलाई बधाई तथा शुभकामना दिँदै संस्थाको वार्षिक प्रगति विवरणलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**<u>संस्थाका मुख्य उपलब्धि :</u>**

(१) परामर्शदातासम्बन्धी भएगरेका विभिन्न निर्णय एवं गतिविधिका सम्बन्धमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलगायतका सरोकार निकायहरूमा जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN) का तर्फबाट संस्थाको आधिकारिक धारणासहित पेशागत हकहित र मर्यादालाई कायम राख्दै विभिन्न मितिमा संबन्धित सरोकारवाला निकायहरुसँग नीतिगत सुधारको लागि विभिन्न माध्यमबाट पहल गरिएको छ ।

(२) परामर्शदाता कम्पनीहरूको क्षमतावृद्धि गर्नका निम्ति वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा लघु जलविद्युत्का आयोजनामा सर्भेयर तथा डिजाइनरसम्बन्धी विभिन्न चरणमा तालिमहरु सम्पन्न गरिएका छन् । यसबाट १५० जना भन्दा बढी ईन्जिनियर तथा जुनियर ईन्जिनियरहरुले सर्भे तथा डिजाईन सम्बन्धी विशेष सीप आर्जन गर्न सफल भएका छन् । यसै आर्थिक बर्षमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको आर्थिक

सहयोग मा Micro Hydro Survey and Design Training 23rd June to July 01, 2013 (2-Batches in Parallel), काठमांडौमा संचालन गरिएको छ जसमा ७४ जना ईन्जिनियर तथा जुनियर ईन्जिनियरहरुको सहभागीता रहेको थियो ।

(३) लघु तथा साना जलविद्युत्मार्फत् देशमा जारी ऊर्जा संटकलाई न्यूनीकरण गर्न भएगरेका विभिन्न गोष्ठी, सेमिनार तथा अन्य कार्यक्रममा संस्थाको सक्रिय सहभागिता गरिएको छ । त्यस्ता कार्यक्रममा संस्थाका प्रतिनिधिले स्रोत व्यक्ति, कार्यपत्र प्रस्तोता, सहजकर्तालगायतका भूमिका निर्वाह गर्नुभयो । त्यस्ताबाट संस्थाका प्रतिनिधिहरूको वृत्ति विकासमा उल्लेख रुपमा प्रगति भएको संस्थाले महशुस गरेको छ । जस्तै : दक्षिण एसियामा लघु जलविद्युत्को संभावना र चुनौती विषय क्षेत्रीय गोष्ठीमा संस्थाले परामर्शदाताको तर्फबाट प्रदर्शनी र लघु जलविद्युत्का निम्ति विद्यमान जनशक्ति तथा क्षमताका रुपमा कार्यपत्र प्रस्तुत गरेको थियो ।

(४) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा शुरू भएका राष्ट्रिय ग्रामीण तथा नवीकरण ऊर्जा कार्यक्रम (NRREP) को कार्यान्वयन तथा यसको संरचनाका विषयमा संस्थाले आफ्नो स्पष्ट धारणा राख्दै परामर्शदाताको भूमिकालाई उल्लेखनीय र सुरक्षित राख्न महत्वपूर्ण भूमिका खेल्यो । यस कार्यक्रममा संस्थाको पहलबाट परामर्शदाता शुल्क वृद्धि र लघु जलविद्युत् परियोजनाहरूमा कामको गुणस्तरलाई कायम राख्नका लागि परियोजनाको निर्माण सुपरभिजन गर्न परार्शदाताको भूमिकालाई अनिवार्य गरिएको छ । यसले समग्र परामर्शदातालाई थप दायित्व प्रदान गर्नुका साथै उनीहरूलाई थप जिम्मेबार बनाएको संस्थाले महशुस गरेको छ ।

(५) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले लघु जलविद्युत्का क्षेत्रमा प्रदान गर्दै आएको अनुदानको अनुगमन गर्ने समितिसमक्ष संस्थाले परामर्शदाता कम्पनीको शुल्क वृद्धि गर्न तथा समय सापेक्ष अनुदान रकम वृद्धि दिएको लिखित सुझाव दिइएको ।

(६) संस्थालाई प्रभावकारी बनाउँदै सरोकारवाला निकायलाई घच्घचाउन तथा संस्थाका संरचनात्मक विकास एवम् दीर्घकालीन योजना निर्माणका निम्ति सदस्यहरुसँग रणनीतिक कार्य योजनासहितको बैठक गरियो सो बैठकमा परामर्शदाताका रुपमा उत्तम झाको सहयोगमा विभिन्न योजना तर्जुमा गरी कार्य विभाजन गरिएको छ ।

(७) मिनी तथा साना जलविद्युत् आयोजनामा सहकारी विषयक गोष्ठीमा संस्थाले नेपाल केन्द्रीय जलविद्युत् सहकारी संस्थासँगको सहकार्यमा लगानीको संभावना, प्राविधि पक्षलगायतका विषय खोतल्ने प्रयास गरेको थियो । सो कार्यक्रमको आयोजना तथा कार्यपत्र प्रस्तुत गर्ने भूमिका निर्वाह गरेको थियो ।

(८) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा नवीकरणीय ऊर्जासम्बन्धी कामको परामर्शमा बाह्य सेवाप्रदायक कामका लागि संस्थाका सदस्यहरूको व्यवस्थित कामको बाँडफाँड गर्न माग गरिए पनि दुर्भाग्यबस हालसम्म सो माग पूरा हुनसकेको छैन ।

(९) संस्थााले नेपालको लघु जलविद्युत् क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएवापत WECAN Lifetime Achievement Award प्रदान गर्दै आएको छ । जसअन्तर्गत अक्कलमान नकर्मी-२०११, श्यामराजा प्रधान-२०१२ लाई प्रदान गरिसकेको छ भने सुरेन्द्रभक्त माथेमा-२०१३ लाई यसपटक प्रदान गरिँदै छ ।

(१०) संस्थाको स्मारिका प्रकाशन गर्नका लागि इनर्जी मिडिया मिसन प्रालि (ऊर्जा आवाज) लाई मिडिया पार्टनरबनाउने निर्णय गरिएको छ ।

(११) AEPC/NAST/NAM S&T Centre, Delhi को संयुक्त पहलमा आयोजित International Training on the Role of Nepalese Engineering Consultants' Perspective for Promoting Micro/Mini Hydropower Projects in Developing Countries अप्रील १९-२२ मा काठमांडौमा संचालित कार्यक्रममा रु. १,००,०००.०० (एक लाख) NAST लाई सहयोग गरिएको र उक्त कार्यक्रममा संस्थाको तर्फबाट कार्यपत्र समेत प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रम यस संस्थाको अर्न्तराष्ट्रिय सम्बन्ध विस्तारको लागि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

(१२) बैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र अर्न्तगत राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम अर्न्तगत ग्रामीण विद्युतीकरण ईकाई अर्न्तगत संचालित लघु जलविद्युत आयोजनाहरुको निर्माण छिटो छरितो रुपमा संचालन गर्न सिफारिस गर्ने समितिमा सहभागी भई **A Study & Review Report of Micro Hydro Project Approval Process** नामक प्रतिवेदन बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा सिफारिस गरिएको छ ।

(१३) **WECAN** कै पहलमा नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका **Solar Electric Manufacturers Association Nepal (SEMAN), Nepal Biogas Promotion Association (NBPA) , Nepal Micro/Mini Hydropower Development Association (NMHDA)** तथा सुधारिएको चुलोको क्षेत्रमा काम गरिरहेका संस्थाहरुसँगको साझा अर्न्तकृया कार्यक्रमहरु नियमित रुपमा संचालन भएका छन् ।

(१४) नेपाल–चीन उद्योग वाणिज्य संघ र जल तथा ऊर्जा परामर्शदाता संघ नेपालको संयुक्त आयोजनामा ३० मार्च, २०१३ माम **Importance of Power Evacuation for Development of Small Hydropower Projects** विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा चीनका लागि नेपाली राजदूत महामहिम डा. महेश कुमार मास्केको विशेष आतिथ्यता रहेको थियो ।

कार्यकमलाई नेपाल–चीन उद्योग वाणिज्य संघका अध्यक्ष राजेश काजी श्रेष्ठज्यूले अध्यक्षता गर्नुभएको थियो तथा सहजकर्ताको भूमिका जल तथा ऊर्जा परामर्शदातासंघ नेपाल अध्यक्ष प्रो.डा. रमेश कुमार मास्केल गर्नु भएको उक्त कार्यक्रममा विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, जल तथा ऊर्जा क्षेत्रमा काम गरेका नीजि क्षेत्रका विज्ञ तथा विद्युत आयोजना प्रर्वद्धकहरुको उपस्थिति रहेको थियो ।

(१५) यसै आर्थिक बर्षमा संस्थाको कार्यालय ज्वागल ललितपुरमा स्थानान्तरण गरिएको छ ।

अन्त्यमा

प्रतिवेदनमा स्पष्ट नभएका विषयमाथि साथीहरूले प्रश्न उठाको अवस्थामा विस्तृत जानकारी दिने अवगत गराउँदै । छलफलबाट स्पष्ट हुनआग्रह गर्दछु ।

..................

गुणराज ढकाल

सचिव